## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित फैसला कार्यान्वयनको विवरण

| सि.नं. | रिट निवेदक | रिट नं. | आदेशको व्यहोरा | आदेश कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | रक्षाराम हरिजन (चमार) | ०७२-WO-०७४५ | • जोखिमयुक्त घरमा बस्न बाध्य उपेक्षित व्यक्ति र समूदायलाई लक्षित गरी आगलागी लगायत प्राकृतिक तथा गैर प्राकृतिक विपत्तिबाट सुरक्षित आवासको निर्माण तथा खाद्य भण्डारण सुरक्षा कार्यक्रम आवधिक योजनामा समावेश गरी लागू गर्ने<br>• गरीव र विपन्न परिवारलाई लक्षित गरी गुणस्तरीय र जलवायुमैत्री न्यून उत्सर्जन हुने आवास र वस्ती विकास कार्यलाई योजनाबद्ध रुममा अघि बढाउन र हरित शहर र वस्तीको अवधारणालाई कार्यान्वयन गर्ने गराउने<br>• हरेक जोखिमयुक्त वस्तीमा जोखिम न्यूनीकरण गर्ने, वस्तीलाई व्यवस्थित गरी जोखिम मुक्त बनाउने<br>• आगलागीका घटनाहरु भान्छामा खाना पकाउने अवस्थामा घट्ने हुँदा जोखिमयुक्त घरहरुको पहिचान गर्दै भान्छा सुधार गरी भान्छाबाट हुने आगलागी न्यूनीकरण गर्ने त्यस्तै कृषि कार्यबाट निस्कने फोहरहरु जलाउने कार्यलाई न्यूनिकरण गर्ने | १. देहाय बमोजिमका नमूना कानून समेत तयार गरी स्थानीय तहलाई उपलब्ध गराई उक्त आदेशको कार्यान्वयनमा सहजीकरण गरिएको :<br>- स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन<br>- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,<br>- स्थानीय आपतकालिन कार्यसञ्चालन कार्यविधि<br>- शहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधि र औजार<br>- स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना<br>- स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन<br>स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन<br>२. विपद् जोखिम व्यवस्थापन तथा वातावरण संरक्षणमा स्थानीय तहको क्षमता विकासका लागि देहाय बमोजिमको म्यानुअल तयार गरी केही TOT कार्यक्रम सम्पन्न गरिएको : | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • यदि घटना नै घटेमा स्थानीय स्तरमा नै आगो निभाउन प्रत्येक बस्तीमा तत्काल पानी उपलब्ध हुनसक्ने गरी सहज पहुँचमा र उपुयक्त उचाईमा पोखरी खन्ने वा पानीका टयाङ्कीहरु राख्ने<br>• सडकको पहुँच भएका ठाउँमा बारुणयन्त्रको व्यवस्था गर्ने<br>• विपद् पश्चात् मानिसहरुलाई तत्काल व्यवस्थित तरिकाले उद्धार गर्न र राहत पुऱ्याउन सहज हुने गरी प्रत्येक गाउँ बस्तीमा बहु प्रयोगको लागि उपुक्त हुने सुरक्षित खुला मैदानको व्यवस्था गर्ने<br>• प्रत्येक वस्तीमा सामुदायिक भवनहरुको विकास समेत गरी आगलागीसमेतका प्राकृतिक र गैर प्राकृतिक विपदको जोखिम न्यूनिकरण र व्वस्थापन गर्ने<br>व्यक्तिको घर, गोठ, दोपाया, चौपाया खाद्यान्न समेतको बिमा गर्न व्यक्ति र समुदायलाई प्रेरित गर्ने र राज्यको तर्फबाट आर्थिक सहयोग समेत गर्ने। | - स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण प्रशिक्षण सामग्री (स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि)<br>- स्थानीय समुदायको क्षमता विकास गर्न प्रशिक्षण निर्देशिका<br><br>३. समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यमा सकृय विकास साझेदार संस्थाहरूसँग समन्वय गरिएको । | |
| २. | तनुकलाल यादव | ०७२-W०-०२४५ | निवेदक तनुकलाल यादवका हकमा निजामती सेवा ऐन, २०४९ को दफा २० क को बढुवा सम्बन्धी व्यवस्था आकर्षित हुनसक्ने नदेखिएको भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७२।०२।२४ मा भएको निर्णय कानून | यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत नपर्ने | |

नेपाल सरकार

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिकूल र त्रुटीपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।. निवेदक तनुकलाल यादवलाई निजामती सेवा ऐन, २०४९ को दफा २० क बमोजिम एक तह माथिको विशिष्ठ श्रेणीको पदमा बढुवा भएको मानी तदनुसार पाउने कानून बमोजिमको सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरुका नाउमा परमादेश जारी । | | |
| ३. | अधिवक्ता तुलसी सिंखडा | ०७२-WO-०७९२ | काठमाडौं उपत्यकालाई वातावरणीय रुपमा स्वच्छ, स्वस्थ, सफा र सुन्दर बनाई नागरिकहरुलाई स्वच्छ सफा वातावरणमा बाँच्न पाउने बसोबास गर्ने हिँडडुल गर्ने र सम्मानपूर्वक जीवन जीउने हकको प्रत्याभूत गर्न सरकारका केन्द्रिय तथा स्थानीय निकाय, प्रहरी, वात्तावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरु र नागरिकसमेतको समन्वयात्मक प्रयासबाट काठमाडौं उपत्यकामा रहेका घर, पसल, उद्योग, कलकारखानाबाट निष्कने फोहोर मैलाको दीर्घकालीन विसर्जन (Sanitary Landfill Site) को व्यवस्था गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी | देहाय बमोजिमका नमूना कानून तयार गरी स्थानीय तहलाई उपलब्ध गराई आदेश कार्यान्वयनमा सहजीकरण गरिएको :<br>- स्थानीय स्तरमा वातावरण तथा जैविक विविधता संरक्षण गर्ने सम्बन्धी ऐन<br>- नदी तथा सर्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि | |
| ४. | इश्वर प्रसाद पोखरेल | ०७२-WO-०८०९ | निवेदक ईश्वरप्रसाद पोखरेललाई निजामती सेवा ऐन, २०४९ को दफा २०क को बढुवा सम्बन्धी व्यवस्था आकर्षित नहुने भनी नेपाल सरकार अर्थ मन्त्रालयको सचिवस्तरको २०७२।०९।१९ मा भएको | निवेदकको निजामती सेवा ऐन, २०४९ को दफा २०क बमोजिम एक श्रेणी माथिको रा.प. प्रथम श्रेणीको सहसचिव पदमा बढुवा भएको मानी तदानुसार पाउने कानून बमोजिमको सुविधा उपलब्ध गराउन मिति | |

नेपाल सरकार
संघीय मामिला ...

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निर्णय अनुसार च.नं. १८८६ मिति २०७२।१२।१० मा निजामती किताबखानालाई पठाएको पत्र त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएकोछ। यी निवेदक ईश्वरप्रसाद पोखरेललाई निजामती सेवा ऐन, २०४९ को दफा २० क बमोजिम एक तह माथिको रा.प.प्रथम श्रेणीको सहसचिव पदमा बढुवा भएको मानी तदनुसार निजले पाउने सेवा सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी । | २०७६/२/९ मा नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पठाई सकिएको । | |
| ५. | अधिवक्ता ओमप्रकाश अर्याल | ०७३-NF-०००३ | लोकमान सिंह कार्कीको मुद्दामा म्याद तामेली सम्बन्धी काम गर्ने तामेलदार शम्भु बहादुर खत्री, वडा कार्यालयका सचिव सरिता राई र सबइन्सपेक्टर नकुलराज गौतमले कानून बमोजिमको कर्तव्य पालना नगरी न्यायिक प्रकियामा अबरोध गरेकोले पदीय दायित्वका दृष्टिले कसुरको मात्रा थप गम्भीर रहेको हुँदा नीजहरु उपर सम्बन्धित कानून बमोजिम विभागिय कारवाही गर्न लेखी पठाउने । | - काठमाडौं महानगरपालिका वडा नं. १० का वडा कार्यालयका सचिव सरिता राईलाई विभागीय कारबाही भए नभएको जानकारी गराउन काठमाडौं महानगरपालिकालाई पत्राचार गरिएको<br>- काठमाडौं महानगरपालिकाको च.नं. १६ मिति २०७७/४/२२ को पत्रबाट वडा नं. १० का वडा कार्यालयका सचिव सरिता राईलाई मिति २०७७/४/१९ को निर्णयानुसार स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ को (क)(१) बमोजिम नसिहत दिने सजाय दिइएको भन्ने जानकारी यस मन्त्रालयलाई प्राप्त हुन आएको | |
| ६. | साकार राज पन्त | ०७३-WO-१३४४ | स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आई सकेको हुनाले उक्त | |

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बुँदा नं. २४ सँग सम्बन्धित अनुसूची-५ को प्रकरण १४ अनुसार पुनरावेदन सुन्ने सम्बन्धी प्रावधान यो रिट निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु। | आदेशको व्यवस्थालाई ऐनमा ऐनमा समेटिएको । | |
| ७. | शान्ति कुमारी मोदी | ०७३-WO-०२७३ | नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हकको वास्तविक र व्यवहार संगत रुपमा कार्यान्वयन गर्नु, गराउनु तथा संविधानको धारा २६३ को व्यवस्था अनुसार थारु आयोगको गठन सम्बन्धमा यथाशिघ्र आवश्यक व्यवस्था मिलाउन विपक्षीका नाउँमा परमादेश जारी। | थारू आयोगको गठन भई सञ्चालनमा रहेको । | |
| ८. | विनय खड्का/तुलसी प्रसाद दाहाल /हरिप्रसाद देवकोटा/ सुनिल महर्जन समेत | ०७३-WO-०१६७ /१२५७/०१९८/ ०७४-WO-०५९५ | • राजप्रसाद सेवाबाट निजामती सेवामा प्रवेश गराई नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहमा समूहीकृत गरिएका कर्मचारीलाई अब हुने रिक्त पद वा विज्ञापनमा बढुवाका लागि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा प्रक्रियामा समावेश गराउनु।<br>• लोक सेवा आयोगको सूचनानं.२२५/०७३/०७४ को विज्ञापनमा सम्भाव्य उम्मेदवार कायम नगरिएका उपरोक्त बमोजिमका राजप्रसाद सेवाका कर्मचारीको हकमा सो बखतको मूल्याङ्कन अनुसार बढुवा सिफारिसमा | राजप्रसाद सेवाबाट निजामती सेवामा प्रवेश गराई नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहमा समूहिकृत गरिएका रा.प. तृतीय एवं रा.प. अनं. प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरूलाई बढुवा समितिले देहायको मितिमा एक श्रेणी माथिको पदमा बढुवा गरी आदेशको कार्यान्वयन गरेको :-<br><br>रा.प. द्वितीय श्रेणीमा बढुवा : निर्णय मिति २०७६/९/१०<br>ब.सू.नं. ४६/०७३-७४ (ज्येष्ठता)<br>ब.सू.नं. १००/०७३-७४ (कार्यक्षमता)<br>ब.सू.नं. १५/०७४-७५ (ज्येष्ठता)<br>ब.सू.नं. ८५/०७४-७५ (कार्यक्षमता) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परेकामध्ये न्यूनतम अङ्क प्राप्त गर्ने भन्दा बढी अङ्क प्राप्त गर्ने अवस्था रहेछ भने प्राप्ताङ्कका आधारमा सोही विज्ञापन सरहको सिफारिस बमोजिम ज्येष्ठता कायम हुने गरी बढुवाको लागि सिफारिस गर्नु<br>• यस अदालतको मिति २०७१।१०।२२ को आदेशको मर्म एवं भावना प्रतिकूल नहुने गरी समूहिकृत गरिएका सम्पूर्ण कर्मचारीको सेवा सुविधा एवं सरुवा बढुवा पदस्थापन लगायतका कुनै पनि बिषयमा भेदभाव नगरी निजामती सेवा ऐन तथा नियमावली बमोजिम समान संरक्षण एवं अवसर प्रदान गर्नु गराउनु भनी विपक्षीका नाउँमा परमादेश जारी । | रा.प. तृतीय श्रेणीमा बढुवा : निर्णय मिति २०७६/९/२८<br>ब.सू.नं. २२८/०७३-७४ (ज्येष्ठता)<br><br>रा.प. अनं. प्रथम श्रेणीमा बढुवा : निर्णय मिति २०७६/१०/४<br>ब.सू.नं. २२५/०७३-७४ (ज्येष्ठता/ कार्यक्षमता) | |
| ९. | रुद्रनाथ देवक्रोटा | ०७३-WO-०८२७ | • राजप्रसाद सेवाबाट निजामती सेवामा प्रवेश गराई नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहमा समूहीकृत गरिएका कर्मचारीलाई अब हुने रिक्त पद वा विज्ञापनमा बढुवाका लागि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा प्रक्रियामा समावेश गराउनु।<br>• लोक सेवा आयोगको सूचना नं. २६५/०७३/०७४ र ४०९/०७३/०७४ मा भएको विज्ञापनमा सम्भाव्य उम्मेदवार कायम नगरिएका उपरोक्त बमोजिमका राजप्रसाद सेवाका कर्मचारीको हकमा सो बखतको मूल्याङ्कन | राजप्रसाद सेवाबाट निजामती सेवामा प्रवेश गराई नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहमा समूहिकृत गरिएका रा.प. द्वितीय श्रेणीका कर्मचारीहरूलाई बढुवा समितिको मिति २०७६/८/३० को निर्णयले रा.प. प्रथम श्रेणीको पदमा बढुवा गरी आदेशको कार्यान्वयन गरिएको :-<br>ब.सू.नं. १५/०७३-७४ (ज्येष्ठता)<br>ब.सू.नं. ७१/०७३-७४ (कार्यक्षमता)<br>ब.सू.नं. १/०७४-७५ (ज्येष्ठता)<br>ब.सू.नं. ४५/०७४-७५ (कार्यक्षमता) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अनुसार बढुवा सिफारिसमा परेकामध्ये न्यूनतम अङ्क प्राप्त गर्ने भन्दा बढी अङ्क प्राप्त गर्ने अवस्था रहेछ भने प्रप्ताङ्कका आधारमा सोही विज्ञापन सरहको सिफारिस बमोजिम ज्येष्ठता कायम हुने गरी बढुवाको लागि सिफारिस गर्नु<br>• यस अदालतको मिति २०७१।१०।२२ को आदेशको मर्म एवं भावना प्रतिकूल नहुने गरी समूहिकृत गरिएका सम्पूर्ण कर्मचारीको सेवा सुविधा एवं सरुवा बढुवा पदस्थापन लगायतका कुनै पनि बिषयमा भेदभाव नगरी निजामती सेवा ऐन तथा नियमावली बमोजिम समान संरक्षण एवं अवसर प्रदान गर्नु गराउनुभनि विपक्षीका नाउँमा परमादेश जारी । | | |
| १०. | अधिवक्ता सुनिल रंजन सिंह | ०७४-WO-००७४ | • बाढि पहिरो पश्चातको पिडाको सम्बोधनका लागि राज्यले यथोचित रुपमा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाउने।<br>• प्राकृतिक विपत्तिका बारेमा आममानसलाई आतंकित पार्ने कुनै निराधार, सूचना, समाचार वा भविष्यबाणी गर्न निषेध गर्ने।<br>• विपद व्यवस्थापनका तीन चरण Reduce, Response र Recovery लाई सम्बोधन हुने गरी यथाशिघ्र सो सम्बन्धी ऐन तथा नियमको तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने। | १. देहाय बमोजिमका नमूना कानून समेत तयार गरी स्थानीय तहलाई उपलब्ध गराइएको :<br>- स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन<br>- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि<br>- स्थानीय आपतकालिन कार्यसञ्चालन कार्यविधि<br>- शहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधि र औजार<br>- स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य | |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • नदी क्षेत्रको अनियन्त्रित दोहनका कारण पनि पुलको जग वरपर कटान हुँदा पुल कमजोर बन्न पुग्ने हुँदा दोहन कार्य गर्न दिन नहुने। यस्तो पूर्वाधार निर्माण गर्दा जोखिम न्यूनीकरण हुने गरी योजना बनाउनु पर्ने,<br>खेतीयोग्य जमिनमा संरचना नबनाउने। | योजना<br>- स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन<br>स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन<br>२. विपद् जोखिम व्यवस्थापन तथा वातावरण संरक्षणमा स्थानीय तहको क्षमता विकासका लागि देहाय बमोजिमको म्यानुजल तयार गरी केही TOT कार्यक्रम सम्पन्न गरिएको :<br>- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण प्रशिक्षण सामग्री (स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि)<br>- स्थानीय समुदायको क्षमता विकास गर्न प्रशिक्षण निर्देशिका<br>३. समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यमा सकृय विकास साझेदार संस्थाहरूसँग समन्वय गरिएको | |
| ११. | शारदा थपलिया | ०७४-WC-०००६ | • विराटनगर उपमहानगरपालिकाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२५ख. बमोजिम कार्यसम्पादन मूल्याङ्कन तथा अनुभवका आधारमा छैठौ तह अधिकृत पदमा गरिने बढुवामा समान | स्थानीय तहमा सम्मानित अदालतको आदेश बमोजिम हुनुपर्ने पदपूर्तिको लागि नेपाल सरकारमा प्रस्ताव पेश गर्न अर्थ मन्त्रालयको रायको लागि अनुरोध गरी पठाइएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | योग्यता, अवस्था तथा हैसियतका केही उम्मेदवारलाई बढुवा गर्ने र रिट निवेदकलाई बढुवा नगर्ने गरी गरेको निर्णय स्वेच्छाचारी एवं समानताको सिद्धान्त विपरीत रहेको देखिएको र रिट निवेदकहरुलाई बढुवा गर्नु नपर्ने कानून बमोजिमको आधार र कारण खुलाउन सकेको नदेखिएकोले समानताको सिद्धान्त विपरीत गरिएको मिति २०७२।२।११ को निर्णय तथा सो निर्णय उपर रिट निवेदकले गरेको पुनरावेदनमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवबाट रिट निवेदकलाई बढुवा गर्न नसकिने भनी मिति २०७२।९।७ मा गरेको निर्णय समेत उत्प्रेषणको आदेशले बदर हुने।<br>• रिट निवेदकलाई समेत मिति २०७२।२।११ को निर्णयबाट बढुवा गरिएका अन्य कर्मचारी सरह सोही मिति देखि जेष्ठता कायम हुने गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२५ख र नियम २६९ग बमोजिम छैठौं तहको अधिकृत पदमा वढुवा गरी पदस्थापन समेत गर्नु भनी विपक्षी विराटनगर उपमहानगरपालिकाको नाममा परमादेश समेत जारी। | | |
| १२. | रामआधार साह | ०७४-WO-०५०९ | • जे जो चाहिने आवश्यक प्रक्रिया पूरा गरी | यस मन्त्रालयबाट उद्योग, वाणिज्य तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवेदकलाई रा.प. प्रथम श्रेणी (प्रा.) को पदको पदीय जिम्मेवारी दिने गरी ३ महिनाभित्र आवश्यक व्यवस्थापन गर्नु गराउनु। | आपूर्ति मन्त्रालयमा नेपाल इन्जिनियरिङ सेवा, मेट्रोलोजी समूह, रा.प.प्रथम श्रेणी (प्रा.) पद- १ थप गरी सो पदमा सहसचिव श्री रामआधार साहलाई पदस्थापन गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा मिति २०७६/३/१८ मा पेश भएको र मिति २०७६/३/१९ मा मन्त्रिपरिषद्बाट उक्त प्रस्ताव पारित भई आदेशको कार्यान्वयन भएको । | |
| १३. | टेक बहादुर बरामु समेत | ०७४-WO-०२३९ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ बमोजिम सूचीकृत जनजातिमध्ये अति सिमान्तकृत जनजातिमा पर्ने बराम जातिको बसोबास रहेको गोरखा जिल्लाको थुमी, आरुअर्बाङ, आरुचनौटे, आरुपोखरी, पाँचखुवा, देउराली, स्वाँरा, सौरापानी, ताकुमाझ, लाकुरीबोट, ताकुकोट, पान्द्रुङ, मसेल, बगुवा, च्याङ्ली, धुँवाकोट, फुजेल, नाम्जुङ्ग, श्रीनाकोट, नारेश्वर, छोप्राक, थालाजुङ्ग गा.वि.स. र गोरखा नगरपालिकालाई विशेष, संरक्षित वा स्वायत्त क्षेत्र घोषणा नगर्दा बराम जातिको मौलिकता हराउने, संस्कृतिहरु लोप हुने देखिंदा माथि उल्लेखित क्षेत्रहरुलाई विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको निर्माण गर्न आवश्यक कानून बनाउनु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी। | मन्त्रालय सम्मानित अदालतको यस आदेशको कार्यान्वयनको लागि कानून बनाउने प्रकृयामा रहेको । | |
| १४. | महशुद खाँ | ०७५-WO-०३७० | वर्तमान संविधानले प्रत्याभूत गरेको धारा | यस मन्त्रालयद्वारा निर्माण गरिने कानूनमा | |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४२ मा भएको व्यवस्था अनुसार निवेदकले माग गरेको मुस्लिम तथा आर्थिक रुपले विपन्न खस आर्य समेतलाई सामाजिक न्यायको हक प्राप्त हुने गरी ऐन, नियम निर्माण र सुधार गर्ने लगायत जे जो गर्नु पर्छ गर्ने व्यवस्था मिलाउनु। | सम्मानित अदालतको आदेश बमोजिम मुस्लिम तथा आर्थिक रुपले विपन्न खस आर्य समेतलाई सामाजिक न्यायको हकको प्रावधान समावेश गर्न मन्त्रालय प्रतिबद्ध रहेको । | |
| १५. | सोनाहा विकास समाज समेत | ०७१-WO-०२६५ | लोपोन्मुख आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २क सँग सम्बन्धित अनुसूचीमा सूचीकरण गर्नु | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद्को बैठकले सोनाह जातिको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न दुई सदस्यीय कार्यदल गठन गरेको । | |
| १६. | श्याम कुमार विश्वकर्मा समेत | ०७०-WO-०७४५ | जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि तत्काल नियमावलीको तर्जुमा गर्नु | जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनका लागि जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) नियमावली, २०७४ कार्यान्वयनमा आइसकेको । | उक्त नियमावली नेपाल राजपत्र (मिति २०७४/३/५, संख्या १२) मा प्रकाशन गरिएको छ । |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं